# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना प्रतिवेदन

## होश्राङ्गदी गाविस

पर्वत जिल्ला




तयार गर्ने

गाउँ विकास समितिको कार्यालय, होश्राङ्गदी

तयार गरिएको मिति : २०७२/०८/२४

# गाउँ विकास समिति स्तरीय
# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना
# प्रतिवेदन

# होश्राङ्गदी

२०७२

# विषय सूची

विषय सूची　　　　　　　　　　　　　　　　　　　　　　　　　　पृष्ठ नं.


**यस भित्र प्रयोग गरिएका संक्षिप्त रुपहरु** **३**

१. परिचय ४

१.१ पृष्ठभूमि ४

१.२ उद्देश्य ४

१.३ विधि ५

१.४ सिमितता ६

२. गाउं विकास समितिको संक्षिप्त जानकारी ७

२.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन ७

२.२ क्षेत्रफल तथा भूउपयोग ७

२.३ जनसंख्या, घरधुरी र जातजाती ७

३. खानेपानीको अवस्था ९

३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था ९

३.२ खानेपानीको विद्यमान अवस्था ९

४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था १२

५. गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन तथा संशोधित कार्य योजना १४

६. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण १६

अनुसूचीहरु १८

अनुसूची-१: प्रत्येक वडाको जनसंख्याको विवरण १८

अनुसूची-२: घरधुरी तथा जातीय समूदाय सम्बन्धी अध्यावधिक तथ्यांक १९

अनुसूची-३: खानेपानीको विद्यमान अवस्था २२

अनुसूची-४: खानेपानीको सुविधास्तर निर्धारण २५

अनुसूची-५: आ.व. २०६९/०७० सम्म सम्पन्न भएका १५ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था २८

अनुसूची-६: गाविसका टोलहरुमा घरेलु चर्पीको हालको अवस्था २९

अनुसूची-७: विद्यालय तथा संस्थागत शौचालयको वर्तमान अवस्था ३१

अनुसूची-८: पूर्ण सरसफाइका सूचकहरुको अवस्था ३२

अनुसूची-९: (क) गाविस स्तरिय तर्जुमा गरिएका खानेपानी योजनाहरुको विवरण ३५

(ख) **गाविस स्तरमा तर्जुमा गरिएका सरसफाई सम्वन्धि योजनाहरुको विवरण ३६**

**(ग) गाविस स्तरमा तर्जुमा गरिएका स्वच्छता सम्वन्धि योजनाहरुको विवरण ३७**

अनुसूची-१०: गाविस स्तरिय तर्जुमा गरिएका खानेपानी योजनाहरुको विवरण र लागत ३९

अनुसूची-११: गाविस स्तरीय पूर्ण सरसफाइ रणनैतिक योजना ४१

अनुसूची-१२: गाविसको प्राप्त तथ्याङ्क अनुसारका जिआइएस् नक्शाहरु ४९

# यस भित्र प्रयोग गरिएका सक्षिप्त रुपहरु:

| | |
|---|---|
| आर. भि. टि. | रिजर्भ्वायर टंकी |
| आ. व. | आर्थिक वर्ष |
| उ. मा. वि. | उच्च माध्यमिक विद्यालय |
| किमि | किलोमिटर |
| क्र.सं. | क्रमसंख्या |
| खा. पा. | खानेपानी |
| खा. पा. यो. | खानेपानी योजना |
| गाविस | गाउं विकास समिति |
| जि. आई. | ग्याल्भनाइज्ड आइरन |
| जि. वि. स. | जिल्ला विकास समिति |
| नि. मा. वि. | निम्न माध्यमिक विद्यालय |
| ने. रु. | नेपाली रुपैंया |
| नं. | नम्बर |
| प्रा. वि. | प्राथमिक विद्यालय |
| मा. वि. | माध्यमिक विद्यालय |
| मि | मिटर |
| वि. सं. | विक्रम सम्बत |
| स. स. यो. | सरसफाइ योजना |
| सा.प. | सामाजिक परिचालक |
| सि. सि. | कलेक्सन च्याम्बर |
| **VWASH** | **Village Water, Sanitation and Hyigene** |
| **VWASHCC** | **Village Water, Sanitation and Hyigene Coordination Committee** |

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारको सन २०१७ सम्ममा सबैलाई खानेपानी र सरसफाइ सुविधा पुऱ्याउने लक्ष्य हासिल गर्ने दिशामा सहयोग गर्दै स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार र फिनल्याण्ड सरकारका बीच पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका गरी चौध वटा जिल्लाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनको लागि द्विपक्षिय सम्झौता भएको हो । सो वमोजिम पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना सन २००८ देखि २०१३ अवधिको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरी सन् २०१३ देखि २०१८ सम्मको अवधिको लागि दोस्रो चरण आरम्भ भएको छ ।

समुदाय आंफैले तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ । यसरी पहिचान भएका खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रको आवश्यकता परिपूर्तिकोलागि गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पुऱ्याउन सकिन्छ । स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई विकास र नेतृत्वदायि भूमिकावाटमात्र सन् २०१७ सवैकोलागि पिउन योग्य पानी उपलब्ध गराउने नेपाल सरकारको लक्ष पुरा गर्न सहयोग गर्दछ भन्ने मान्यतालाई अंगीकार गरी परियोजनाको पहिलो चरणमा विभिन्न ६ वटा गाविसको गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमामा सहयोग गरिएको थियो ।

यस परिप्रेक्ष्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा तर्जुमा भएका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि परियोजनाले पहिलो चरणमा पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गरायो जसको फलस्वरुपः खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा उक्त गाविसहरुमा आमूल परिवर्तन भएको छ । ति गाविसहरुले दोश्रो चरणमा गाविस स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता योजना परिमार्जन आवश्यकता अनुसारका योजनामा सहयोग प्राप्त गरि रहेका छन् । पहिलो चरणको अन्त्य तिर पर्वत जिल्लाको जिल्ला स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता सम्वन्धि रणनैतिक योजना (D-WASH Plan 2070) तयार भई हाल सो को कार्यान्वयन भई रहेको छ ।

परियोजनाको दोस्रो चरणको परियोजना दस्तावेजले वास्तविक रुपमा सेवाविहीन, जसले हालसम्म खानेपानी कार्यक्रमको लागि कुनै पनि बाह्य सहयोग प्राप्त गरेका छैनन् त्यस्ता क्षेत्रमा मात्र परियोजनाको सहयोग केन्द्रीत गर्ने निर्देश गरेको छ । पर्वत जिल्लाको जिल्ला स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता योजना (D-WASH Strategic Plan) मा परियोजनाको सहयोग विस्तारको लागि दुर्गम तथा सेवाविहीन गाविसहरु छनौट गरी सोहि वमोजिमको योजना तर्जुमा गरी सहयोग गर्ने भन्ने उल्लेख भएको छ । त्यसैले D-WASH Strategic Plan को प्राथमिकता क्रम नं. १० भित्र रहेका गाविसहरुको गाविस स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता योजना (V-WASH Plan) निर्माण गर्ने क्रममा यस होश्राङ्गदी गाविसको गाविस स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गरिएको हो ।

## १.२ उद्देश्य

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमाको समग्र उद्देश्य गाउं विकास समितिलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा (६५) ले प्रत्येक स्थानीय निकायलाई आफ्नो सिमाक्षेत्र भित्र सञ्चालन हुने विकास निर्माण कार्य जनमुखी, सहभागितात्मक, प्रभावकारी, सुव्यबस्थित र दीगो प्रतिफल

दिने गरी सञ्चालन गर्न आवधिक गाउं विकास योजना तयार गर्न निर्देशन गरेको छ । सोही निर्देशनलाई पालना गर्दै यस गाविसले आफ्नो आवधिक योजना (२०६८/०६९-०७३/०७४) तयार गरि सकेको छ । सो आवधिक योजनाको नारा निम्नानुसार निर्धारण गरिएको छ

सवै वार्डमा मोटर गुड्ने, वजारमुखी खेती

सम्मानित महिला दलित सवै जनजाती

सीपमूलक शिक्षा अनि **<u>घरघर माथि पानी</u>**

बाख्रा पाठा दुध चाहिए होश्राङ्गदीमा जानी

सोही आवधिक योजना अन्तरगतका आयोजनाहरुलाई वर्तमान परिपेक्ष अनुसारको प्राथमिकताका आधारमा सञ्चालन गर्न गाविस स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिएको छ ।

यसका अतिरिक्त यस कार्यका खास उद्देश्यहरु निम्न वमोजिम रहेका छन्:

- गाउं विकास समितिको खानेपानी, सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको विश्लेषण गरी सबैका लागि खानेपानी र सरसफाइ सुबिधा उपलव्ध गराउन अब आवश्यक पर्ने स्रोतको पहिचान गर्नु,
- गाविस क्षेत्रभित्र सेवाविहीन, सेवा प्राप्त र सुविधा स्तरोन्नती गर्नुपर्ने समुदायको पहिचान गरी प्राथमिकिकरण गर्ने र सोहि वमोजिम स्रोतको विनियोजन गर्ने,
- गाविसको पूर्ण सरसफाइको रणनैतिक योजना तर्जुमा गर्ने र सोहि वमोजिम कार्यक्रमहरु तय गर्ने,
- जलवायु परिवर्तनबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा पर्न गएका तथा भविष्यमा पर्न सक्ने असरहरुको वारेमा अध्ययन गरी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरु पहिचान तथा तर्जुमा गर्नु,
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको दोस्रो चरणको अवधारणा वमोजिम उक्त गाविसमा परियोजनाको सहयोगको स्तर निर्धारण गरी सोहि वमोजिम कार्ययोजना तयार गर्ने कार्यमा सहयोग गर्नु रहेको छ ।

## १.३ विधि

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको लागि सवै कर्मचारीहरुलाई जिल्ला विकास समितिको तर्फवाट ४ दिवशिय तालिम जिल्ला सदर मुकाममा संचालन गरिएको थियो ।

जिल्ला स्तरीय तालिम पश्चात कार्यक्षेत्रमा गई निम्न वमोजिमको क्रियाकलाप तोकिए वमोजिम सम्पन्न गरिएको थियो ।

| क्र.सं. | क्रियाकलापको नाम | समयाबधी | कैफियत |
|---|---|---|---|
| १. | सम्वन्ध स्थापना (प्रत्येक वडामा भ्रमण गर्ने, वस्तुस्थिति वारे जानकारी लिने) तथा गाविस को वस्तुगत विवरण अध्ययन | ५ दिन | गाविस स्तरमा |
| २. | गाविसस्तरीय अभिमुखीकरण गोष्ठि | १ दिन | गाविसस्तरमा |
| ३. | वडास्तरीय अभिमुखीकरण, वडा नागरीक मंच पुनर्गठन तथा महिला तथा दलित गरीव जनजातीको क्षमता विकास तालिमको सहभागि छनौट | ३ दिन | वडास्तरमा |
| ४. | महिलाको क्षमता विकास तालिम संचालन | २ | गाविसस्तरमा |
| ५. | दलित, गरीव तथा जनजातीको क्षमता विकास तालिम | २ दिन | गाविसस्तरमा |
| ६. | VWASHCC पुनर्गठन तथा क्षमता विकास तालिम | ३ दिन | गाविसस्तरमा |
| ७. | वडा स्तरीय सामाजिक श्रोत एवं श्रोत नक्सांकनवाट सामाजिक अध्ययन | ९ दिन | वडास्तरमा |
| ८. | प्राविधिक अध्ययन | ९ दिन | वडास्तरमा |
| ९. | वडा स्तरीय आवश्यकता पहिचान एवं योजना तर्जुमा गोष्ठि | ९ दिन | वडास्तरमा |
| १० | वडा स्तरीय योजना तर्जुमा पछिको आवश्यक तथ्यांक संकलन | | |
| ११. | वडा स्तरीय योजनाहरुको एकिकृत एवं समायोजन गर्ने तथा गाविस स्तरीय योजना तर्जुमा पूर्व तयारी | ७ दिन | गाविसस्तरमा |
| १२. | गाविसस्तरीय योजना तर्जुमा कार्यशाला गोष्ठि | २ दिन | गाविसस्तरमा |
| १३. | प्रतिवेदन तयारी | ७ दिन | जिल्ला स्तरमा |

उपरोक्त क्रियाकलापहरुमध्ये सहजकर्ताको तालिम व्यवस्थापन जिल्ला विकास समितिले गरेको छ भने बांकी क्रियाकलापहरु सहजकर्ताको सहयोगमा गाउं विकास समिति, V-WASHCC र वडा नागरिक मञ्चले आयोजना गरेका थिए ।

समग्र अद्यावधिक कार्यको अगुवाई गाविसले गरेको थियो जसको लागि गाविसलाई आवश्यक सहयोग गर्न जिल्ला विकास समितिले सहयोगी संस्था छनौट गरि सोही संस्था मार्फत आवश्यक जनशक्तिको व्यवस्था गरेको थियो ।

## १.४ सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, जिल्ला तथा यस क्षेत्रको विकासको निम्ति पूर्णरुपमा सहयोगी रहेपनि यसका आफ्ना केही सीमितताहरु रहनेछन्:

- प्राथमिक तहको तथ्याङ्कको संकलन समुदाय स्तरमा गरिएको
- अपर्झट आउनसक्ने तत्कालिन आवश्यकताहरुको प्राथमिकिकरण
- पर्याप्त बजेट विनियोजनमा सुनिश्चितता गर्न नसकिएको

- दातृ राष्ट्र तथा संघ, संस्थाहरुको सहयोगको सुनिश्चितता  एवं निरन्तरता बारेमा अन्यौलता
- राजनीतिज्ञ तथा योजनाकारहरुको एकिकृत दूरदृष्टि तयार नभएको

# २. गाउं विकास समितिको संक्षिप्त जानकारी

## २.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन

होश्राङ्गदी गाउं विकास समिति पर्वत जिल्लाको मध्य दक्षिणमा रहेको छ । पक्कि सडकको पहुंचको हिसावले यो गाविस पर्वत जिल्लाको सवै भन्दा टाढा रहेको गाविस हो । यस गाविसको पूर्वमा वालकोट र सरौंखोला गाविस, पश्चिममा उराम गाविस, उत्तरमा भोक्सिङ्ग र दक्षिणमा हुवास र बेउलीवास गाविस पर्दछन् । राजनैतिक विभाजनका हिसाबले यो गाउं विकास समिति जिल्लाको निर्वाचन क्षेत्र नं. २ मा र इलाका नं. ९ अन्तरगत रहेको छ । ४९ बस्तिहरुमा विभाजित यस गाउं विकास समितिको प्रशासनिक कार्य वडा नं. २ मा रहेको गाउं विकास समितिको कार्यालयबाट हूने गरेको छ ।

## २.२ क्षेत्रफल तथा भूउपयोग

भिरालो धरातलिय स्वरुपले बनेको यस गाउं विकास समिति समुद्र सतहबाट ८५० मि देखि गोर्ल्याङ्गको टुप्पो २१७० मीटर सम्म उचाइमा फैलिएर  रहेको छ । यस गाउं विकास समितिको कुल क्षेत्रफल ११३९.८१ हेक्टर रहेको छ । त्यस मध्ये १३८ हे. खेत, ३४६ हेक्टर बारी, ३३४ हेक्टर चरण क्षेत्र र २८७ हेक्टर वन जंगल रहेको छ ।

## २.३ जनसंख्या, घरधुरी र जातजाती

यस  गा.वि.स.मा जातजातीको वसोवासको अवस्थालाई हेर्दा विविधता रहेको पाईन्छ । वार्ड भेला, घरधुरी सर्वेक्षण अध्ययनबाट आएको तथ्याङ्क अनुसार हाल यस गा.वि.स.मा कुल ३१५ घरधुरी रहेका छन । यस गाविसको कूल जनसंख्या (प्रक्षेपित) १५५५ मध्ये महिलाको जनसंख्या ५१% र पुरुषको ४९% रहेको छ। यहांका वासिन्दा मध्ये आदिवासी जनजाती (१२६ परिवार) र अन्य जातजाती (१२८ परिवार) संख्या वरावर छ भने ६१ परिवार दलित रहेका छन् ।



चार्ट १ जातीगत जनसंख्या

यस गा.वि.स.मा  खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि कार्य गर्ने दक्ष जनशक्तिको उपस्थिति न्यून रहेको छ । यस गाविसको वार्ड नं. १, २ र ३ क्षेत्रमा १ जना र ६, ७ र ८ नं. क्षेत्रमा १ जना गरि जम्मा २ जना मात्र खानेपानी तथा सरसफाइ कार्यकर्ता स्तरको जनशक्ति उपलव्ध छ। डकर्मि सिकर्मि तर्फ भने जम्मा २४ जना ढुंगा माटो तथा काठको काम गर्ने दक्षता भएका जनशक्ति उपलव्ध छन् । सिमेन्ट र रड प्रयोग गरि गरिने कुनै पनि निर्माण कार्यकोलागि यस गाविसमा कुनै जनशक्ति उपलव्ध रहेको देखिन्न । अनौपचारिक शिक्षा सहजकर्ता ११ जना, महिला स्वास्थ्य स्वयम्सेविका ९ जना, सुडेनी तालिम प्राप्त ५ जना र आयमूलक तालिम प्राप्त व्यक्ति ३९ जना गरी जम्मा ६४ जना रहेको देखिन्छ ।

यस गाविसमा १ वटा मा. वि., २ वटा निम्न माध्यमिक विद्यालय र ३ वटा प्राथमिक विद्यालय रहेका छन् स्वास्थ्य चौकी १, अतिरिक्त हुलाक सेवा कार्यालय १, ज्ञानोदय वुद्ध विहार १ र गाविसको कार्यालय १ रहेका छन् । त्यस्तै ४ गोटा सामुदायिक भवनहरु रहेका छन् ।

यस गाविसका सवै परिवारका महिला सदस्य रहेको महिला सहकारी कृयाशिल रहेको छ । युवाहरुको सक्रियतामा संचालित क्लवहरु पनि ४ वटा क्रियाशिल रहेका छन् ।

यस गाउँ विकास समितिमा जम्मा ४९ टोल वस्तीहरु रहेका छन् । खानेपानीको समस्याले गर्दा वार्ड नं. ४, ५ र ९ नं. वार्डवाट वढि वसाई सराई गरि जाने गरेका छन् । यी वार्डका सवै जसो वस्तीका वासिन्दा डोको र गाग्रीमा पानी वोक्न वाध्य छन् । पानी खेप्ने कार्यले विद्यार्थीहरुको पढाईमा समेत असर पारेको छ । यस सम्वन्धि वढि विवरण पत्रकार दुर्गा शर्माको उज्यालो कार्यक्रममा पठाएको समाचार यस दस्तावेजको शुरुमा नै समावेश गरिएको छ । वार्ड नं. ६ का धेरै घरहरु पहिरोको डरले वसाई सराई गरि तराई झरेका छन् ।

यस गाविसका प्राय जसो घरवाट १ जना बैदेसिक रोजगारीमा गएको पाईन्छ । वैदेसिक रोजगारीवाट प्राप्त आम्दानीको कारण यहाका वासिन्दाको खर्च गर्ने क्षमता भने निकै वढेको छ ।

# ३. खानेपानीको अवस्था

## ३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था

यस गाविसका जम्मा ३११ घरधुरी मध्ये खानेपानी सेवा प्राप्त घरधुरी २६५ अर्थात ८५.२१%, रहेका छन्। ति मध्ये १८२ घरधुरी अर्थात ५८.५२% **को** सुविधा स्तरोन्नति गर्नु पर्ने अवस्था छ। सेवाबाट बञ्चित घरधुरी १४ अर्थात ४.५% रहेको छ।

यस गाविसका ५९.८१% परिवारले पाईप धाराबाट पानी खाने गरेका छन्। नसुधारिएको कुवाको खानेपानी प्रयोग गर्ने घरधुरी ३.८६%, मूल पंधेराबाट पानी खाने ५.१४%, रहेका छन्। नेपालको अन्य कुनै समुदायमा नभएको व्यवस्था अस्थायी मूलको पानी संकलन गरि राखेको पानी पिउने परिवार ३१.२% रहेका छन्।




चार्ट २. खानेपानीकोलागि प्रयोग भएको श्रोतको अवस्था

होश्राङ्गदी गाउं विकास समिति भित्र वसोवास गर्ने सवै वस्तीका वासिन्दाहरुले उपभोग गर्ने खानेपानीको श्रोत सम्वन्धि विस्तृत विवरण अनुसुचीं-३ मा देखाईएको छ।

**सूचकको आधारमा खानेपानीको सुविधाको अवस्था**

होश्राङ्गदी गाउं विकास समितिका वासिन्दाहरुले उपयोग गरेको खानेपानीको सुविधा स्तर समान छैन । सो गाविसका वासिन्दाले प्राप्त गरेको खानेपानी सुविधाको स्तर निर्धारण गर्दा निम्नानुसारको सुचकको आधारमा सुविधा स्तर निर्धारण गरिएको छ ।

(क) १ खेप पानी ल्याउन लाग्ने समयको आधारमा

| | |
|---|---|
| १५ मिनट भित्र १ खेप ल्याउन सक्ने सुविधा भएमा | अंक १ |
| १६ देखि ३० मिनट भित्र १ खेप ल्याउन सक्ने भएमा | अंक २ |
| ३१ देखी ४५ मिनट भित्र १ खेप ल्याउन सक्ने भएमा | अंक ३ |
| ४५ मिनट भन्दा वढि समय लाग्ने भएमा | अंक ४ |

(ख) प्रतिव्यक्ति प्रति दिन प्राप्त हुन सक्ने पानीको परिमाणको आधारमा

| | |
|---|---|
| प्रति व्यक्ति प्रतिदिन ४५ लि. वा सो भन्दा वढि पानी उपलव्ध हुने भएमा | अंक १ |
| प्रति व्यक्ति प्रतिदिन ३० देखि ४४ लि. वा सो भन्दा वढि पानी उपलव्ध हुने भएमा | अंक २ |
| प्रति व्यक्ति प्रतिदिन २१ देखि २९ लि. वा सो भन्दा वढि पानी उपलव्ध हुने भएमा | अंक ३ |
| प्रति व्यक्ति प्रतिदिन २० लि. वा सो भन्दा कम पानी उपलव्ध हुने भएमा | अंक ४ |

(ग) प्रयोग भई रहेको पानीको गुणस्तर आधारमा

| | |
|---|---|
| पानीको गुणस्तर राम्रो भएमा | अंक १ |
| पानीको गुणस्तर मध्यम भएमा | अंक २ |
| पानीको गुणस्तर ठिकै भएमा | अंक ३ |
| पानीको गुणस्तर नराम्रो भएमा | अंक ४ |

(घ) पयोग गर्ने पानीको उपलव्धताको विश्वसनियताको आधारमा

| | |
|---|---|
| वाह्रै महिना उपलव्ध हुने श्रोतवाट पानी प्राप्त गरि रहेको भएमा | अंक १ |
| ९ देखि ११ महिना उपलव्ध हुने श्रोतवाट पानी प्राप्त गरि रहेको भएमा | अंक २ |
| ६ देखि ८ महिना उपलव्ध हुने श्रोतवाट पानी प्राप्त गरि रहेको भएमा | अंक ३ |
| ६ महिना भन्दा कम समय उपलव्ध हुने श्रोतवाट पानी प्राप्त गरि रहेका भएमा | अंक ४ |

माथी उल्लेखित ४ सुचक मध्ये जुन वस्तीको जुन सुचकमा धेरै अंक प्राप्त गर्छ त्यसैलाई त्यस वस्तीको खानेपानीको कठिनाई सोही स्तरको मानी विश्लेषण गरिएको छ । समुच्च सुविधा स्तरमा राम्रो भएकोलाई १ अंक, १ वा सो भन्दा वढि सुचकमा २ अंक आएमा सन्तोषजनक १ वा वढि सुचकमा ३ अंक आएमा नराम्रो र १ वा सो भन्दा वढि सुचकमा ४ अंक आएमा साह्रै नराम्रो भनि वर्गिकरण गरिएको छ ।

माथि उल्लेखित सूचकको आधारमा विश्लेषण गर्दा निम्नानुसारका घर निम्नानुसारको सुविधा स्तरमा रहेको देखिन्छ

सुविधा स्तर १ मा जम्मा ९२ घर परिवार
सुविधा स्तर २ मा जम्मा ३२ घर परिवार
सुविधा स्तर ३ मा जम्मा ७६ घर परिवार
सुविधा स्तर ४ मा जम्मा ११५ घर परिवा

# ३.२ खानेपानीको विद्यमान अवस्था

**समूच्च अवस्था**

सुबिधास्तर वर्गिकरण गर्दा ४९ गोटा टोल मध्ये १३ टोलका १०७ परिवार (३३.९६%)ले राम्रो अवस्थाको खानेपानी सुविधा प्राप्त गरेका छन् भने ४ टोलका ७४ परिवार (२३.४९%) ले संन्तोषजनक अवस्थाको खानेपानी सुविधा उपयोग गरी रहेका छन्। त्यसै गरि १० टोलका ७० परिवार (२२.२२%) ले नराम्रो अवस्थाको पानी उपयोग गरि रहेका छन् भने २२ टोलका ७४ परिवार (२३.४९%) को पिउने पानीको उपलव्धताको अवस्था धेरै नराम्रो रहेको छ।




चार्ट ३. उपयोग भई रहेको खानेपानीको सुविधास्तर

गुणस्तरको मात्र वर्गिकरण गर्दा १०१ परिवार (३२.०६%) ले सुरक्षित श्रोतको, २३ परिवार (८.५७%) ले स्वीकार्य श्रोतको ८१ परिवार(२५.७१%) ले असुरक्षित र बांकी १०६ परिवार (३३.६५%) ले धेरै असुरक्षित पानी उपयोग गर्ने गरेको तथ्यांकले देखाउंछ। धेरै नराम्रो अवस्था रहेका टोलहरुलाई प्राथमिकतामा राखी कार्यक्रम बनाउनु पर्ने देखिन्छ। विस्तृत विवरण अनुसुची-४ मा देखाइएको छ।




चार्ट ४. उपयोग भई रहेको खानेपानीको गुणस्तर अवस्था

यस गाविसमा १ खेप खानेपानी ल्याउन लाग्ने समयको आधारमा विश्लेषण गर्दा यस गाविसका १७४ ( ५५.२३%) परिवारले १५ मिनट भित्र १ खेप पानी ल्याउन सक्ने देखिन्छ। बांकि परिवार मध्ये ७० परिवार ( २२.२२%) ले ३० मिनट भित्र, ५० परिवार (१५.८७ %) ले ४५ मि. भित्र र २१ परिवार (६.६६ % ) ले ४५ मि. भन्दा वढि समय लगाएर १ खेप पानी ल्याउन सक्ने रहेका छन् ।




चार्ट ५. एक खेप पानी ल्याउन लाग्ने समय

यस गाविसमा जम्मा ४६ वटा स्थायी मूल रहेका छन्। ति मध्ये २१ वटा मूलको पानी पिउने पानीको रुपमा प्रयोग भई रहेका छन् । खानेपानीकोलागि स्थायी मूलवाट खानेपानी पुऱ्याउन नसकिने १५ वस्तीका ९७ परिवारलाई अस्थायी मूलको पानी लगि रिजर्भभायरमा संचय गरि अस्थायी मूल सुके पछि प्रयोग गर्ने गरि योजना संचालन पनि भएको छ ।

होश्राङ्गदी गाउं विकास समितिमा आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका ७ वटा खानेपानी योजनाहरु संचालन भएको देखिन्छ। एवम् उक्त योजनाहरुको हालको अवस्था अनुसुची-५ मा देखाइएको छ ।

सम्पन्न खानेपानी योजना मध्ये ग्राभिटी प्रणालीका ६ वटा रहेका छन् तिमध्ये ४ वटा योजनाको भौतिक अवस्था राम्रो, देखिन्छ। सम्पन्न भएका सवै खानेपानी योजनामा WSP लागु गर्नु आवश्यक छ। त्यसैगरी एका खा.पा. योजनामा पाइप लाइन र अन्य संरचना मर्मत  गर्नु पर्ने अवस्था छ भने अर्को  एउटा आयोजना पुनर्निर्माण गर्नु पर्ने देखिन्छ ।

वर्षात तथा अस्थायी मूलको पानी संकलन गरि खानेपानी सुविधा वृद्धि गर्ने गरि ९७ परिवारकोलागि संचालन गरिएको खानेपानी योजनामा लिफ्ट प्रणालीवाट वस्ती भन्दा तलको पानी लगेर केही सुधार विस्तार गरि एक घर एक धारा अवधारणामा आधारीत योजना संचालन गर्नुको अर्को विकल्प छैन ।

होश्राङ्गदी गाउं विकास समितिमा रहेका ६ वटा विद्यालय मध्ये सुर्य मा.वि., र गोल्र्याङ्ग धाम नि.मा.वि.मा विद्यालय कम्पाउण्ड भित्रै खानेपानीको धारा उपलब्ध छ । लक्ष्मी नि.मा.वि.मा विद्यालयकोलागि विद्यालय वाहिर खानेपानीको धारा उपलब्ध छ । अन्य ३ वटा प्राथमिक विद्यालय मध्ये गोरादी प्रा.वि.मा खानेपानीको सुविधा उपलब्ध नै छैन, त्रिभुवन प्रा.वि. र गुर्धुम प्रा.वि.मा खानेपानी सुविधाकोलागि यस अघि केही काम गरीएको भएता पनि त्यसवाट शिक्षक विद्यार्थी नियमित पानी प्राप्त गर्न सकेका छैनन् ।

यस गाविसमा रहेका अन्य संघ संस्थाहरुमा स्वास्थ्य चौकि, गा.वि.स.कार्यालय र अतिरिक्त हुलाक कार्यालय रहेका छन् । त्यहां हाल भई रहेको खानेपानी सुविधा र शौचालयको अवस्था सन्तोषजनक नै रहेको छ ।

यस गाविसमा रहेका ७ वटा धार्मिक आस्थाका केन्द्र मध्ये पैञ्रकोट कालिका मन्दीर र ज्ञानोदय वृद्ध विहारमामात्र शौचालयको व्यवस्था छ । अन्य ५ आस्था केन्द्रहरु मध्ये कुनैमा पनि शौचालयको व्यवस्था भएको देखिदैन । त्यसै गरि नागरीक सचेतना केन्द्र भवन, दुईवटा सामुदायिक भवन र एउटा युवा क्लवको भवनमा शौचालयको कुनै व्यवस्था भएको छैन । त्यसै गरि ६ वटा आस्था केन्द्र, ४ वटा सामुदायिक संस्थाहरुमा खानेपानीको कुनै सुविधा प्राप्त भएको देखिंदैन

विद्यालय तथा अन्य सार्वजनिक क्षेत्रमा खानेपानी र शौचालयको अवस्था अनुसुची ७ मा देखाईएको छ ।

## ४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था

गाउं स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गर्ने सिलसिलामा स्थानीय स्वास्थ्य चौकी संग लिईएको तथ्यांक अनुसार ५ वर्ष भन्दा मुनीका बच्चाहरुको पोषणको अवस्था सामान्य रहेको देखिन्छ । आ.व. २०७१/७२ मा झाडापखाला सम्बन्धी रोगलागि उपचार गरिएका ५ वर्ष मुनिका बच्चाहरुको कूल संख्या ७७ मध्ये ६२ जनाको उप स्वास्थ्य चौकीबाट उपचार गरिएको र वांकी १५ ग्रा.म.स्व.सेहरुबाट उपचार गरिएको देखिन्छ । तौल मापन गर्न आएका १२९ वालवालिकामा सामान्य स्तरको कुपोषण देखिन्छ ।

सरसफाइको सूचक भनेर चर्पी लाइ लिने गरिन्छ । यस गाविस को कूल ३१५ घरधुरी मध्य २९७ अर्थात ९२.९२% घरमा सुरक्षित (पक्की) चर्पी रहेको छ, भने १६ अर्थात ५.०८% घरमा कच्ची चर्पी छ । वडा र टोल अनुसार गाविसको चर्पीको हालको अवस्था अनुसुची-६ मा देखाईएको छ ।




चार्ट ६. वार्डगत रुपमा चर्पीको प्रयोग

यस गाविसमा ६ गोटा विद्यालय, ४ गोटा सेवामुलक कार्यालयहरु र ५ गोटा सामुदायिक भवनहरु अवस्थित छन् । त्यसै गरि सास्कृतिक तथा धार्मिक आस्थाका कारण समुदाय गई रहने ७ श्रद्धा केन्द्रहरु रहेका छन् । यस्ता श्रद्धा केन्द्रहरु मध्ये १ स्थानमा वाहेक अन्यत्र शौचालयको व्यवस्था भएको पाईदैन । विस्तृत विवरण अनुसुची-७ मा देखाईएको छ ।

गाविसका जम्मा सवै ३१५ घरधुरीमा शौचालय भएकोले सबैले चर्पीको नियमित प्रयोग गर्ने गरेको देखिन्छ । धुंवा रहित चुल्हो भएको (गोबर ग्यास,अन्य समेतका) २६१ (८२.८६%) घरधुरी रहेका छन् । भाडा सुकाउने चाङ्ग भएको १५५ परिवार (४९.२१%,) र **१५३** (४८.५७%,) परिवारले व्यक्तिगत सरसफाइ कायम गर्ने गरेको देखिन्छ ।

त्यसै गरि महत्वपूर्ण अवस्थामा साबुन पानीले हात धुने १३३ परिवार (४२.२२%,) मात्र देखिन्छन् ।  घरायसी तहमा पिउनेपानी शुद्धिकरण गरी पिउनेको संख्या थोरै मात्र ३९ परिवार (१२.३८%,) मात्र छन् । जम्मा २८ परिवार  (८.८९%,)  खेर गएको पानीको उचित ब्यवस्थापन गर्ने गरेका र घर भित्र बाहिरका ठोस फोहोर मैला खाडलमा फाल्ने केवल २५ परिवार (७.९४ % )  देखिन्छ ।




चार्ट ७. पुर्ण सरसफाईको अवस्था

यो तथ्यांकले वातावरणीय सरसफाइको अवस्था तेती राम्रो देखाउंदैन । विस्तृत विवरण अनुसुचीं-८ मा हेर्न सकिन्छ ।

## ५. गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन कार्य योजना

गाविसस्तरमा तर्जुमा गरी प्राथमिकता क्रम तोकिएका निम्नानुसारका २५ योजनाहरु छनौट भएका छन् ।

***खानेपानी तर्फ***

(क) लिफ्ट प्रणालीका नयां योजना ५ वटा
(ख) ग्राभिटी प्रणालीका १ पुनर्निर्माण र १ मर्मत
(ग) श्रोत संरक्षण तर्फका ८ वटा मध्ये नयां ५ वटा मूल संरक्षण र ३ वटा पोखरी संरक्षण

***सरसफाई तर्फ***

(क) सार्वजनिक तथा संस्थागत सौचालय निर्माण ९ वटा

पूर्ण सरसफाई युक्त गाविस निर्माणकोलागि केही सार्वजनिक स्थलहरुमा सम्वन्धित क्षेत्रका व्यक्तिहरुकै रेखदेखमा संचालन गर्ने गरि ९ गटा सार्वजनिक तथा संस्थागत शौचालय निर्माणको योजना प्रस्ताव गरिएको छ ।

(ख) व्यक्तिगत चर्पी निर्माण

गाविसमा सुरक्षित (पक्की) शौचालय नभएका १२ घरमा आफ्नै खर्चमा चर्पी निर्माण गर्ने । प्रस्तावित खानेपानी योजना तथा सरसफाई योजनामा सहयोग प्राप्त गर्नु अगावै लाभान्वित समुदायका सवै परिवारमा सुरक्षित (पक्कि) शौचालय निर्माण गरि सक्ने नीति निर्माण

***स्वच्छता अभिवृद्धि तर्फ***

(क) खेरजाने पानीको सदुपयोग

खेर गई रहेको पानीको संकलन र सदुपयोग गर्नकालागि सवै परिवारमा अनिवार्यरुपमा जुठेल्नो सुधारकोलागि आवश्यक वाह्य सामाग्री खरीदमा सहयोग उपलव्ध गराउने गरि ३१५ वटा जुठेल्नो सुधार योजना प्रस्तावित गरिएको छ ।

(ख) प्लास्टिक संकलन र विक्रि व्यवस्था

त्यसै गरि लथालिंग फालिने प्लास्टिक संकलन गरि त्यस्लाई विक्रि गर्ने परिपाटी सृजना गर्न प्रत्येक विद्यालयमा प्लास्टिक संकलन केन्द्र निर्माण र विद्यार्थी परिचालन गरी प्लास्टिक संकलन गरी एकमुष्ट विक्रिको व्यवस्था गर्न प्रत्येक विद्यालय क्षेत्रमा एक एक वटा प्लास्टिक संकलन स्थल निर्माण गर्न ६ वटा त्यस्ता संकलन स्थल निर्माणकोलागि योजना प्रस्तावित भई आएका छन् ।

प्रस्तावित योजनाहरुमा लाग्ने अनुमानित खर्चमा स्वच्छता अभिवृद्धिमा ९ लाख ३० हजार सरसफाईको अवस्था सुधारकोलागि १२ लाख लाग्ने देखिएको छ । यस गाविसका सवै परिवारलाई पिउन योग्य पानी उपलव्ध गराउनकोलागि जम्मा १ करोड ६४ लाख ८० हजार लाग्ने अनुमान गरिएको छ । वस्तृत विवरण अनुसुची-१० मा देखाईएको छ ।

माथि उल्लेख गरिए अनुसारका खानेपानी योजनाहरु र बांकी चर्पी निमार्ण गर्नको लागि सम्भावित श्रोतहरु :

- उपभोक्ता स्वयं, स्थानीय समुदाय तथा संघ संस्थाहरु
- स्थानिय निकाय जि.वि.स. तथा गा.वि.स
- खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय
- बृटिस गोर्खा वेलफेयर
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु

होश्राङ्गदी गाविसमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माणको क्रममा तयार गरिएका योजनाहरुको गा.वि.स.ले निर्धारण गरेको प्राथमिकताक्रम

| क्र.सं. | योजनाको नाम | योजनाको प्रकार | वडा नं. | लाभान्वित हुने टोलको नाम | लाभान्वित हुने घरसंख्या | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|
| १ | कालेगैरा-सौरेनी खानेपानी योजना | लिफ्ट र नीजीधारा | ५ | सौरेनी, दास, थुम्का, गल्छिने टोल र पुछारको टोल | ३० परिवार र ५०० बाखा माउ भएको बाखा फार्म | १ नयां निर्माण |
| २ | लुखुरे-सिगारको खानेपानी योजना | लिफ्ट | ४-९ | सिंगारकोष, जिताकोटे टोल, ठूला पंधेरा, गडि, थुम्का जौपानी, पैत्रूकोट, सानापानी र चण्डिथान | ५५ | १ नयां निर्माण |
| ३ | अल्छीडाडा - प्रोंचु खानेपानी योजना | लिफ्ट | ७ | प्रोचु | १४ | नयां निर्माण |
| ४ | बगर- ठकुरीटोल खानेपानी योजना | लिफ्ट | ५ | ठकुरी टोल, मगर टोल, पौडेल थर, सोती, स्कुल माथि र गैरा | २३ | ४ नयां |
| ५ | कुवापानी - पैत्रूकोट खा.पा | ग्राभिटी र लिफ्ट | ४ र ९ | थुम्का जौपानी, सानापानी, पैत्रूकोट, चण्डिथान | १३ | ५ नयां |
| ६ | ठूला पंधेरा खा.पा.यो | ग्याभिटी | १ र ९ | कल्लेनडाडा,पूर्णगाउं, गोरादी भाडावारी, जोखेत र उपल्लो | ३६ | ६ नयां |
| ७ | चिदियार खापायो | ग्याभिटी | ३ | स्वामीडाडा,भट्राईटोल,गोरादी, महुवाडाडा आउंसरा, | ४१ | ७ मर्मत |

तपसील वमोजिमका पानीका मुहान वा श्रोतहरु प्राथमिकताक्रमानुसार संरक्षण गर्ने निर्णय गरेकोछः

| वडा नं. | कुवा, मुहान वा श्रोतको नाम | प्राथमिकता क्रम |
|---|---|---|
| ८ | चौपारी डाडा मुल | १ |
| ४ | छविसे कुवा | २ |
| ४ | कुवापानी कुवा | ३ |
| ४ | ठूलो पंधेरा | ४ |
| ५ | सार्कीको पंधेरा | ५ |
| ५ | सपाउंदे कुवा | ६ |
| ९ | सानापानी कुवा | ७ |
| ५ | पाल्लेका पोखरीहरुको संरक्षण | ८ |
| ४ | गुर्धुम पोखरी संरक्षण | ९ |
| ४ | गैरी पोखरी संरक्षण | १० |
| ५ | नयां पोखरी संरक्षण | ११ |
| ७ | ठाडो खोरीया मूल संरक्षण | १२ |
| ३ | भट्राई पंधेरो श्रोत संरक्षण | १३ |
| ३ | पलासे मूल श्रोत संरक्षण | १४ |
| २ | खानेमोहर पोखरी संरक्षण | १५ |
| ५ | वगर पोखरी संरक्षण | १६ |
| ३ | दाउन्ने मुल संरक्षण | १७ |

| घ.सरसफाई सम्वन्धि योजना | | | | | | |
|---|---|---|---|---|---|---|
| **क.सं** | **योजनाको नाम प्राथमिकताको आधारमा** | **योजनाको प्रकार** | **वडा नं** | **स्थान** | **अनुमानित संरचनाहरुको विवरण** | |
| | | | | | **संख्या** | **क्षमता** |
| १ | मण्डली वाजेको मन्दिरमा सार्वजनिक शौचालय निर्माण | युरीनल सहितको | ६ | मण्डली थान | 1 | २ कोठे |
| २ | गोर्ल्याङ्ग देवीस्थानमा शौचालय निर्माण | वर्षातको पानी संकलनसहितको | ५ | गोर्ल्याङ्ग | 1 | २ कोठे |
| ३ | सामुदायिक भवनमा शौचालय निर्माण वार्ड नं. ४ | सामान्य | ४ | गडि | 1 | १ कोठे |
| ४ | नागरीक सचेतना केन्द्रमा शौचालय निर्माण | सामान्य | ७ | प्रोंचु | 1 | १ कोठे |
| ५ | प्रगतिशिल युवा क्लव भवनमा शौचालय निर्माण | सामान्य | ३ | गोरादी | 1 | १ कोठे |
| ६ | सानोकोटमा शौचालय निर्माण | सामान्य | २ | ठाना | 1 | १ कोठे |
| ७ | रम्भा देवी मन्दिरमा शौचालय निर्माण | सामान्य | ९ | पुर्ण गाउं | 1 | १ कोठे |
| ८ | खांड देवी मन्दिरमा शौचालय निर्माण | सामान्य | ९ | भाडावारी | 1 | १ कोठे |
| ९ | सामुदायिक भवन वार्ड नं. ५ मा शौचालय निर्माण | सामान्य | ५ | सुभद्रीखर्क | 1 | १ कोठे |

## ६. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण

होश्राङ्गदी गाविस भित्र समग्रमा जोखिम सम्बन्धी सिकाई र पहिचान निम्नानुसार पाइएको छः

| वडा नं. | वर्ष | जोखिम | स्थानीय समुदाय तथा वातावरणीय सेवाहरुमा जोखिमबाट परेको असर | स्थानीयको दृष्टिकोण तथा बुझाई |
|---|---|---|---|---|
| १ | २०३२ | बाढी पहिरो | खोला किनारका खेत वगाएको | भुई घांस तथा डालेघांसका विरुवा रोपण, पुराना पोखरी संरक्षण |
| | २०३८ | चट्याङ्ग | पैञूकोट मन्दिरमा क्षति एकजनाको मृत्यू | मेघ गर्जनको वेला मन्दिर वरपर जान कम गरिएको |
| ६ | २०५१ | पहिरोको आतंक | गाउं नै वगाउने गरि जमिन चिरा चिरा परेको | जल उत्पन्न दैवि प्रकोप नियन्त्रण केन्दवाट प्राविधिक अध्ययन पानी कमलाग्ने खेती गर्ने अभ्यास |
| ५ | २०६० | जंगलमा आगलागि भएको | सामुदायिक वन र व्यक्तिगत खरबारी आगलागीवाट ध्वस्त | जनचेतनामा अभिवृद्धि गरिएको |
| २ | २०६७ | असिना | हेल्थपोष्टको छानामा प्वाल परेको | पुन जस्ता पाताले छाएको |
| ५ | २०६९ | वगरखोलामा बाढी | १ घर वगाएको विद्यालयको माछा पोखरी पुरेको, विद्यालयको जमिन कटान | ग्याविन जालीवाट खोला संरक्षण |
| ५ | २०७० | ढुंगा खसेको | मोटर वाटो अवरोध | समुदाय मिलेर वाटो पुनर्निर्माण |
| ९ | २०७१ | पहिरो | पहिरोले गर्दा पानी लिनजान अप्ठेरो | पहिरो पन्छाउने वृक्षारोपण, |

यस गाविसमा विपद जोखिम न्यूनिकरण को लागि निम्न क्रियाकलापहरु संचालन गर्ने कार्यक्रम रहेकोछः

| क्र.सं. | जोखिम | न्यूनिकरणका उपायहरु | वडा नं. | स्थान (ठाउं) |
|---|---|---|---|---|
| १ | बाढी पहिरो | तार जाली लगाउने, पानी नजम्ने खेती प्रणाली प्रवर्द्धन | ६ | अर्गाउंदी |
| २ | पानीको मुहान सुक्दै गएको | पुरानो पोखरी संरक्षण | ५ | पात्लेखर्क, |
| ३ | पानीको मुहान सुक्दै गएको | पुरानो पोखरी संरक्षण | ४ | गुर्धुम, गैरी पोखरी |
| ४ | पानीको मुहान सुक्दै गएको | पुरानो पोखरी संरक्षण | ४ | सिगार कोष पोखरी |
| ५ | बाढी नियन्त्रण | पानी टंकी वरिपरी तारजाली लगाई | १ र २ | छेराउटे मुल |

| | | | | |
|---|---|---|---|---|
| | | पानीपोखरीको संरक्षण गर्नुपर्ने | | |
| ६ | पानीको मुहान सुक्दै गएको | उपयुक्त ठाउंहरुमा पुनःभरण पोखरीहरु निर्माण गर्नुपर्ने | १,४,५,९ | पुरानापोखरी, डांडाको टुप्पोमा भएका पोखरी मर्मत |
| ८ | वर्षातमा वाढी पहिरो, प्राकृतिक प्रकोप | विकास निर्माणको काम गर्दा दिगो विकासको अवधारणा अनुसार गरिनु पर्ने | ५ | वगर खोलाको तटवन्ध निर्माण |

### १) पर्वत जिल्लाको बर्षात तथा तापक्रम

वर्षा र तापक्रमको तथ्यांक जल तथा मौषम बिज्ञान बिभाग अन्तर्गतका  मौषम मापन केन्द्रबाट लिएको हो । यो तथ्यांक उक्त विभागको वेबसाइटको जलबायु पोर्टलमा उपलब्ध छ । पर्वत जिल्लाको हकमा कुष्मा त्रिवेणी सिरकोन र कार्कीनेटा गरि चार ठाउँमा रहेका मौषम केन्द्रको तथ्यांक उपलब्ध रहेको छ । चित्रमा प्रस्तुत वर्षातको तथ्यांक उक्त चारै ठाउँका केन्द्रका तथ्यांकहरूको वार्षिक औसत हो भने तापक्रम को तथ्यांक भने कुष्मा केन्द्रको मात्र रहेको छ ।

### क) वर्षा

चित्र १ मा सन १९७९ देखि २००९ सम्मको वार्षिक औषत वर्षात देखाइएको छ । चित्रमा देखाइएजस्तै औषत वर्षात १८०० मि.लि देखि २८०० मि.लि सम्म रहेको छ । १९८८, १९९५, १९९८ र २००७ मा बर्षाको अधिकतम परिमाण रहेको देखिन्छ भने १९७९, २००४ र २००५ मा न्यून वर्षा भएको देखिन्छ । विगत तीस बर्षको अवधिमा समग्र वर्षाको परिमाण करिब ५० मिमि ले घटेको देखिन्छ । विगतको ६ वर्षको तथ्यांकलाइ हेर्दा ५ वर्षमा औसतभन्दा न्यून वर्षा भएको देखिन्छ । यदी यही अवस्था निरन्तर हुदै गयो भने भविष्यमा पानीका श्रोतहरुमा नकारात्मक असर पर्ने देखिन्छ ।




Mean Observed Rainfall From 1979 To 2009 Months January February March April May June July August September October November December for KUSHMA, TRIBENI, SIRKON, KARKI NETA {y=-2.409 x year + 7200.0, r= -0.07379, p= 0.6932, S.E.= 0.6932}

*१९७९ देखि २००९ सम्मको वार्षिक बर्षातको औसत*

ख) मासिक औसत बर्षात (१९९४ देखि २००९)

ग्राफ २ मा सन् १९९४ देखि २००९, १५ बर्षको मासिक बर्षातको फरक प्रस्तुत गरिएको छ उच्च वर्षात गर्मी यामको मनसुनको समय, बैशाख महिना देखि भाद्र महिना सम्म देखिन्छ मनसुनको बेलाको मासिक सबभन्दा बढी वर्षातको औसत ६०० - ८०० मिलिमिटर देखिन्छ । सन् १९९५, १९९८ र २००७ मा यो औसत बढेर ८०० मिलिमिटर नाघेको थियो । हिउँदको समयमा अतिनै कम वर्षा र कहिलेकाँही वर्षात् नहुन पनि सक्छ, पर्वत जिल्लाको हकमा पनि हिउँदमा वर्षा ज्यादै कम वा नभएको देखिन्छ । १९९६ र १९९८ हिउँदे वर्षा अधिक भएको देखिन्छ ।




Average Observed Rainfall From 1994 To 2009 for KUSHMA, TRIBENI, SIRKON, KARKI NETA {y=-2.845 x year + 5894.0, r= -0.05553, p= 0.4443, S.E.= 0.4443}

*१९९४ देखि २००९ सम्मको मासिक वर्षाको औसत*

ख) अधिकतम तापक्रम

ग्राफ ३ मा कुश्मा केन्द्रको १९८९ देखि २००९ सम्मको अवधिको बार्षिक अधिकतम तापक्रमको औसत तथ्याङ्क प्रस्तुत गरिएको छ । तीस वर्षको अवधिमा अधिकतम तापक्रम २००० मा २६.५ डिग्री र २००९ मा ३१ डिग्री

सेल्सियस रहेको  देखिन्छ भने समग्र वीस वर्षको अधिकतम तापक्रमको औसत करिब ०.५ डिग्री सेल्सियसका दरले बढेको देखिन्छ। जल तथा मौसम विज्ञान विभागको वेबसाइटमा न्यूनतम तापक्रमको ग्राफ पनि उपलब्ध छ।




*१९८९ देखि २००९ सम्मको अधिकतम तापक्रमको औसत*

# अनुसूचीहरु

अनुसूची-१: प्रत्येक वडाको जनसंख्याको विवरण

| वडा नं | घरधुरी | सन् २०११ को जनगणना अनुसार | | | घरधुरी सर्भेक्षण अनुसार | सन् २०१५ को सर्भेक्षण अनुसार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| १ | | | | | २८ | १४० | | |
| २ | | | | | ३२ | १६० | | |
| ३ | | | | | ४३ | २१५ | | |
| ४ | | | | | ३७ | १८५ | | |
| ५ | | | | | ४५ | २२५ | | |
| ६ | | | | | १८ | ९० | | |
| ७ | | | | | ३४ | १७० | | |
| ८ | | | | | १९ | ९५ | | |
| ९ | | | | | ५५ | २७५ | | |
| **जम्मा** | | | | | ३११ | १५५५ | | |
| | | **प्रतिशतमा** | | | | | | |
| | **औसत प्रति घरधुरी जनसंख्या** | | | | | | | |

अनुसूची-२: घरधुरी तथा जातीय समूदाय सम्बन्धी अद्यावधिक तथ्यांक

| क स. | टोलको नाम | दलित | आदिवासी जनजाती | धार्मिक अल्पसंख्यक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | |
| १ | पाहार कुना | | १३ | | | १३ |
| २ | भयरथान टोल | | | | ८ | ८ |
| ३ | कल्लन डाडा | | १ | | ६ | ७ |
| | **जम्मा** | | **१४** | | **१४** | **२८** |
| **वडा नं २** | | | | | | |
| १ | माझगाउं | | ३ | | ५ | ८ |
| २ | विजय खर्क | | ० | | ३ | ३ |
| ३ | ठाना | | ८ | | २ | १० |
| ४ | खानीमोहर | | २ | | ३ | ५ |
| ५ | समीडाडा | | ४ | | २ | ६ |
| | **जम्मा** | | **१७** | | **१५** | **३२** |
| **वडा नं ३** | | | | | | |
| १ | समिडाडा | | ४ | | ३ | ७ |
| २ | औंसरा | ७ | | | ४ | ११ |
| ३ | मौवा डाडा | | | | ३ | ३ |
| ४ | सपौदे पलासे | १ | ७ | | | ८ |
| ५ | गोरादी | | | | १४ | १४ |
| | **जम्मा** | ८ | ११ | | २४ | ४३ |
| **वार्ड न. ४** | | | | | | |
| १ | पैञूकोट | ४ | ४ | | | ८ |
| २ | जौपानी थुम्का अयरथान | | ३ | | | ३ |
| ३ | गडि | | | | ४ | ४ |
| ४ | सिंगारकोष | | | | ६ | ६ |
| ५ | जिताकोटे टोल | | | | ३ | ३ |
| ६ | खोलाखर्क | | ३ | | ३ | ६ |
| ७ | ठूलो पंधेरा | | ५ | | २ | ७ |
| | **जम्मा** | ४ | **१५** | | **१८** | **३७** |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| **वार्ड न. ५** | | | | | | |
| १. | दास | १ | | | २ | ३ |
| २. | सौरेनी | | | | ३ | ३ |
| ३. | थुम्का र सोभन्दा तल | १ | | | ४ | ५ |
| ४. | **गल्छीने टोल** | | | | **६** | **६** |
| ५. | पुछार टोल | | | | २ | २ |
| ६. | गैह्रा टोल | | | | ५ | ५ |
| ७. | मगर टोल | | ६ | | ० | ६ |
| ८. | पौडेल टोल | | | | ४ | ४ |
| ९. | सोती | | ३ | | ० | ३ |
| १० | **स्कूल माथि** | २ | | | **१** | **३** |
| ११. | **ठकुरी टोल** | | | | **५** | **५** |
| | **जम्मा** | ४ | ९ | | ३२ | **४५** |
| **वडा नं ६** | | | | | | |
| **१** | तल्लो गाउं | **१** | **८** | | | ९ |
| **२** | तल्लो पखेरे | **१** | **१** | | | २ |
| **३** | पखेरे | | २ | | | २ |
| ४ | नेवारे | ४ | **१** | | | **५** |
| | जम्मा | ६ | **१२** | | | **१८** |
| **वडा नं ७** | | | | | | |
| **१** | आरुपानी | ४ | | | | ४ |
| **२** | रिंचे | ५ | १० | | | १५ |
| **३** | प्रोंचु | १५ | | | | १५ |
| | **जम्मा** | **२४** | **१०** | | ० | **३४** |
| **वडा नं ८** | | | | | | |
| **१** | चौपारी डाडा | ४ | | | | ४ |
| **२** | डाडा गाउं | | १५ | | | १५ |
| | **जम्मा** | ४ | **१५** | | | **१९** |
| वार्ड नं. ९ | | | | | | |
| १. | पैत्रू टोल | ३ | | | २ | ५ |
| २. | सानापानी | ४ | ६ | | | १० |
| ३. | टोड्के | | ६ | | ४ | १० |
| ४. | वास्तोला टोल | | | | २ | २ |
| ५. | उपल्लो गोरादी | | | | ५ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | जौखेत | ४ | | | २ | ६ |
| ७. | भांडावारी | | ३ | | ७ | १० |
| ८. | पुर्ण गाउं | | ५ | | ३ | ८ |
| ९. | चण्डिथान | | ३ | | | ३ |
| | **जम्मा** | **११** | **२३** | | **२५** | **५९** |
| | **कूल जम्मा** | **६१** | **१२६** | | **१२८** | **३१५** |
| | **प्रतिशत** | १९.३६ | ४० | | ४०.६४ | १००.०० |
| | **टोलको संख्या ४९** | | | | | |

अनुसूची-३: खानेपानीको विद्यमान अवस्था

| क्र.स. | टोलको नाम | खानेपानी सुविधा प्राप्त | सुविधा स्तरोन्नति गर्नु पर्ने | सुविधा नपुगेका | जम्मा घर संख्या | पाइप, धारा | सुधारिएको कुवा | नसुधारिएको कुवा | मूल, पँधेरा | अस्थायी मूलको संचित पानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | | | | | | | |
| १ | पाहार कुना | १३ | | | १३ | १३ | | | | | १३ |
| २ | भयरथान टोल | ८ | | | ८ | ८ | | | | | ८ |
| ३ | कल्लन डाडा | १ | ६ | | ७ | ७ | | | | | ७ |
| | **जम्मा** | २२ | ६ | ० | २८ | २८ | ० | ० | ० | ० | २८ |
| **वडा नं २** | | | | | | | | | | | |
| १ | माझगाउं | ८ | | | ८ | ८ | | | | | ८ |
| २ | विजय खर्क | ३ | | | ३ | ३ | | | | | ३ |
| ३ | ठाना | १० | | | १० | १० | | | | | १० |
| ४ | खानीमोहर | ५ | | | ५ | ५ | | | | | ५ |
| ५ | समीडाडा | ६ | | | ६ | ६ | | | | | ६ |
| | **जम्मा** | **३२** | **०** | **०** | **३२** | **३२** | **०** | **०** | **०** | **०** | **३२** |
| **वडा नं ३** | | | | | | | | | | | |
| १ | समिडाडा | ७ | ७ | | ७ | ७ | | | | | ७ |
| २ | औंसरा | ११ | ११ | | ११ | ११ | | | | | ११ |
| ३ | मौवा डाडा | ३ | ३ | | ३ | ३ | | | | | ३ |
| ४ | सपौदे पलासे | ५ | ५ | ३ | ८ | ५ | | | | | ८ |
| ५ | गोरादी | ७ | ७ | ७ | १४ | ७ | | ७ | | | १४ |
| | **जम्मा** | **३३** | **३३** | **१०** | **४३** | **३३** | **०** | **७** | **०** | **०** | **४३** |
| **वडा नं ४** | | | | | | | | | | | |
| १ | पैत्रूकोट | ८ | ८ | | ८ | | | | | ८ | ८ |
| २ | जौपानी थुम्का अयरथान | ३ | ३ | | ३ | | | | | ३ | ३ |
| ३ | गडि | ४ | ४ | | ४ | | | | | ४ | ४ |
| ४ | सिंगारकोष | ६ | ६ | | ६ | | | | | ६ | ६ |
| ५ | जिताकोटे टोल | ३ | ३ | | ३ | | | | | ३ | ३ |
| ६ | खोलाखर्क | ६ | ६ | | ६ | | | | | ६ | ६ |
| ७ | ठूलो पंधेरा | ७ | ७ | | ७ | | | | | ७ | ७ |
| | **जम्मा** | **३७** | **३७** | **०** | **३७** | **०** | **०** | **०** | **०** | **३७** | **३७** |
| **वडा नं ५** | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | दास | ३ | ३ | | ३ | | | | | ३ | ३ |
| २. | सौरेनी | ३ | ३ | | ३ | | | | | ३ | ३ |
| ३. | थुम्का | ५ | ५ | | ५ | | | | | ५ | ५ |
| ४. | **गल्छीने टोल** | ६ | ६ | | ६ | | | | | ६ | ६ |
| ५. | पुछार टोल | २ | २ | | २ | | | | | २ | २ |
| ६. | गैह्रा टोल | ५ | ५ | | ५ | | | | ५ | ० | ५ |
| ७. | मगर टोल | ६ | ६ | | ६ | | | | ० | ६ | ६ |
| ८. | पौडेल टोल | ४ | ४ | | ४ | | | | ४ | ० | ४ |
| ९. | सोती | ३ | ३ | | ३ | | | | ३ | ० | ३ |
| १०. | **स्कूल माथि** | ३ | ३ | | ३ | | | | | ३ | ३ |
| ११. | **ठकुरी टोल** | ५ | ५ | | ५ | | | | | ५ | ५ |
| | **जम्मा** | **४५** | **४५** | **०** | **४५** | **०** | **०** | **०** | **१२** | **३३** | **४५** |
| **वडा नं ६** | | | | | | | | | | | |
| **१** | तल्लो गाउं | ९ | | | ९ | ९ | | | | | ९ |
| **२** | तल्लो पखेरे | २ | | | २ | २ | | | | | २ |
| **३** | पखेरे | २ | | | २ | २ | | | | | २ |
| **४** | नेवारे | ५ | | | ५ | ५ | | | | | ५ |
| | **जम्मा** | **१८** | **०** | **०** | **१८** | **१८** | **०** | **०** | **०** | **०** | **१८** |
| **वडा नं ७** | | | ९० | | | | | | | | |
| **१** | आरुपानी | ४ | | | ४ | ४ | | | | | ४ |
| **२** | रिंचे | १५ | | | १५ | १५ | | | | | १५ |
| **३** | प्रोंचु | ० | १५ | | १५ | | | | | १५ | १५ |
| | **जम्मा** | १९ | १५ | ० | ३४ | १९ | ० | ० | ० | १५ | ३४ |
| **वडा नं ८** | | | | | | | | | | | |
| **१** | चौपारी डाडा | | ४ | ४ | ४ | | | | ४ | | ४ |
| **२** | डाडा गाउं | १५ | | | १५ | १५ | | | | | १५ |
| | जम्मा | १५ | ४ | ४ | १९ | १५ | ० | ० | ४ | ० | १९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्ड नं. ९ | | | | | | | | | | | |
| १ | पैत्रु टोल | ५ | 5 | | ५ | | | | | ५ | ५ |
| २ | सानापानी | ४ | ४ | | १० | ६ | | | | ४ | १० |
| ३ | टोड्के | १० | १० | | १० | १० | | | | | १० |
| ४ | वास्तोला टोल | २ | ० | | २ | २ | | | | | २ |
| ५ | गोरादी | ३ | ३ | | ५ | ३ | | २ | | | ५ |
| ६ | जौखेत | ६ | ६ | | ६ | ६ | | | | | ६ |
| ७ | भांडावारी | १० | १० | | १० | १० | | | | | १० |
| ८ | पुर्ण गाउं | ८ | ८ | | ८ | ८ | | | | | ८ |
| ९ | चण्डिथान | ० | ० | | ३ | ० | | ३ | | 3 | ३ |
| | **जम्मा** | **४८** | **४६** | **०** | **५९** | **४५** | **०** | **५** | **०** | **१२** | **५९** |
| | **कूल जम्मा** | २६५ | १८२ | १४ | ३११ | १८६ | ० | १२ | १६ | ९७ | ३१५ |
| | **प्रतिशत** | ८५.२१ | ५८.५२ | ४.५०२ | १०० | ५९.८१ | ० | ३.८५९ | ५.१४५ | ३१.१९ | १०० |
| | टोलको संख्या ४९ | | | | | | | | | | |
| | | | पाईप धाराबाट पानी खाने १९० | | | | | ५९.८१ | | % | |
| | | | सुधारिएको कुवाबाट पानी खाने | | | | | | | % | |
| | | | नसुधारिएको कुवाबाट पानी खाने १२ | | | | | ३.८५९ | | % | |
| | | | मूल पँधेरा बाट पानी खाने १६ | | | | | **५.१४** | | **%** | |
| | | | अस्थायी मुलको पानी संचित गरि खाने ९७ | | | | | **३१.२** | | **%** | |

अनुसूची-४: खानेपानीको सुविधास्तर निर्धारण

| क्र. स. | टोलको नाम | सुबिधास्तर निर्धारण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पानी थाप्ने स्थान | जम्मा घर संख्या | हालको अवस्था | | | | |
| | | | | गुणस्तर | परिमाण | समय | विश्वसनियता | सुबिधास्तर |
| **वडा नं १** | | | | | | | | |
| १ | पाहार कुना | धारा | १३ | १ | २ | १ | १ | २ |
| २ | भयरथान टोल | धारा | ८ | १ | १ | १ | १ | १ |
| ३ | कल्लन डाडा | धारा | ७ | १ | १ | १ | २ | २ |
| | **जम्मा** | | २८ | | | | | |
| **वडा नं २** | | | | | | | | |
| १ | माझगाउं | धारा | ८ | १ | १ | १ | १ | १ |
| २ | विजय खर्क | धारा | ३ | १ | १ | १ | १ | १ |
| ३ | ठाना | धारा | १० | १ | १ | १ | १ | १ |
| ४ | खानीमोहर | धारा | ५ | १ | १ | १ | १ | १ |
| ५ | समीडाडा | धारा | ६ | १ | १ | १ | १ | १ |
| | **जम्मा** | | ३२ | | | | | |
| **वडा नं ३** | | | ० | | | | | |
| १ | समिडाडा | धारा | ७ | ३ | १ | १ | १ | ३ |
| २ | औंसरा | धारा | ११ | ३ | १ | १ | १ | ३ |
| ३ | मौवा डाडा | धारा | ३ | ३ | १ | १ | १ | ३ |
| ४ | सपौदे पलासे | धारा र मुल | ८ | ३ | १ | १ | १ | ३ |
| ५ | गोरादी | धारा र मुल | १४ | ३ | १ | १ | १ | ३ |
| | **जम्मा** | | ४३ | | | | | |
| **वडा नं ४** | | | ० | | | | | |
| १ | पैञूकोट | अस्थायी मुलको पानी संचित टंकिको धारा | ८ | ४ | ४ | ४ | ३ | ४ |
| २ | जौपानी थुम्का अयरथान | ” | ३ | ४ | ४ | ४ | ३ | ४ |
| ३ | गडि | ” | ४ | ४ | ४ | ४ | ३ | ४ |
| ४ | सिंगारकोष | ” | ६ | ४ | ४ | ४ | ३ | ४ |
| ५ | जिताकोटे टोल | ” | ३ | ४ | ४ | ४ | ३ | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | खोलाखर्क | ” | ६ | ४ | ४ | ४ | ३ | ४ |
| ७ | ठूलो पंधेरा | ” | ७ | ४ | ४ | ४ | ३ | ४ |
| | **जम्मा** | ” | ३७ | | | | | |
| **वडा नं ५** | | | ” | | | | | |
| १ | दास | ” | ३ | ४ | ४ | ४ | ४ | ४ |
| २ | सौरेनी | ” | ३ | ४ | ४ | ४ | ४ | ४ |
| ३ | थुम्का | ” | ५ | ४ | ४ | ४ | ४ | ४ |
| ४ | **गल्छीने टोल** | ” | ६ | ४ | ४ | ४ | ३ | ४ |
| ५ | पुछार टोल | ” | २ | २ | ३ | ४ | २ | ४ |
| ६ | गैह्रा टोल | ” | ५ | ४ | २ | १ | १ | ४ |
| ७ | मगर टोल | ” | ६ | ४ | ४ | ४ | ४ | ४ |
| ८ | पौडेल टोल | ” | ४ | ४ | ४ | २ | २ | ४ |
| ९ | सोती | ” | ३ | ४ | ४ | २ | २ | ४ |
| १० | **स्कूल माथि** | ” | ३ | ४ | ४ | २ | २ | ४ |
| ११ | **ठकुरी टोल** | ” | ५ | ४ | ४ | ४ | ४ | ४ |
| | **जम्मा** | | ४५ | | | | | |
| **वडा नं ६** | | | ० | | | | | |
| **१** | तल्लो गाउं | धारा | ९ | १ | १ | १ | १ | १ |
| **२** | तल्लो पखेरे | धारा | २ | १ | १ | १ | १ | १ |
| **३** | पखेरे | धारा | २ | १ | १ | १ | १ | १ |
| **४** | नेवारे | धारा | ५ | १ | १ | १ | १ | १ |
| | **जम्मा** | | १८ | | | | | |
| **वडा नं ७** | | | | | | | | |
| **१** | आरुपानी | धारा | ४ | १ | १ | १ | १ | १ |
| **२** | रिंचे | धारा | १५ | १ | १ | १ | १ | १ |
| **३** | प्रोंचु | अस्थायी मुलको पानी संचित टंकिको धारा | १५ | ४ | ३ | ४ | ३ | ४ |
| | **जम्मा** | | ३४ | | | | | |
| **वडा नं ८** | | धारा | ० | | | | | |
| **१** | चौपारी डाडा | धारा | ४ | ३ | १ | १ | १ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | डाडा गाउं | धारा | १५ | १ | १ | १ | १ | १ |
| | जम्मा | | १९ | | | | | |
| वार्ड नं. ९ | | | | | | | | |
| | पैत्रू टोल | अस्थायी मुलको पानी संचित टंकिको धारा | ५ | ४ | ४ | ४ | ४ | ४ |
| | सानापानी | धारा र मुल | १० | ३ | ४ | ४ | २ | ४ |
| | टोड्के | धारा | १० | २ | २ | २ | २ | २ |
| | वास्तोला टोल | धारा | २ | १ | २ | १ | १ | २ |
| | गोरादी | धारा र मुल | ५ | २ | २ | ३ | १ | ३ |
| | जौखेत | धारा र मुल | ६ | ३ | ३ | २ | ३ | ३ |
| | भांडावारी | धारा र मुल | १० | ३ | ३ | २ | ३ | ३ |
| | पुर्ण गाउं | धारा र मुल | ८ | ३ | ३ | २ | ३ | ३ |
| | चण्डिथान | | ३ | ४ | ४ | ४ | ४ | ४ |
| | | | ५५ | | | | | |
| | | सुविधा स्तर | १ | १०१ | १४२ | १६६ | १७० | ९२ |
| | | सुविधा स्तर | २ | २७ | ४० | ४४ | ३२ | ३२ |
| | | सुविधा स्तर | ३ | ८१ | ४१ | १० | ८२ | ७६ |
| | | सुविधा स्तर | ४ | १०६ | ९२ | ९५ | ३१ | ११५ |
| | | | | ३१५ | ३१५ | ३१५ | ३१५ | ३१५ |

अनुसूची-५: आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका ९ वटा योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था

| क्र.सं | योजनाको नाम | हाल प्रयोगमा रहेका श्रोतहरु | योजनाको प्रकार | वडा नं | जम्मा लाभान्वित घर धूरीहरु | योजनाबाट लाभान्वित टोलहरुको नाम | सेवा सन्चालन भएको वर्ष | योजनाको भौतिक अवस्था | सुधार गर्नु पर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | धौला-पाहारकुना खा.पा.यो | धौला, | ग्राभिटी | १ | १३ | पाहार कुना, | ०६२/०२/२६ | राम्रो | श्रोत संरक्षण र उपयोग परिपाटीमा सुधार |
| २ | उत्तिसे गैरा खा.पा | उत्तिसे गैरा | ग्राभिटी | १ र २ | २१ | भयरथान र माझगाउं | ०६२/०२/२६ | राम्रो | इन्टेकमा घेरावार |
| ३ | छेराउटे खा.पा | छेराउटे ए र वि | ग्राभिटी | २ र ३ | ३६ | विजयखर्क, ठाना, खानीमोर, स्वामीडाडा | ०६२/०२/२६ | राम्रो | कलेक्सन च्याम्वर मर्मत, केही ठाउंमा पाईप लाईनको मर्मत गर्नु पर्ने |
| ४ | आरुपानी खा.पा.(क) | आरुपानी | ग्राभिटी | ७ | १९ | आरुपानी र रिंचे | २०६७ | राम्रो | सुदृढिकरण प्रणाली थप गर्ने |
| ५ | आरुपानी खा.पा.(ख) | आरुपानी | ग्राभिटी | ६ र ८ | ३३ | वार्ड नं. ६ पुरै र वार्ड नं. ८ को डाडागाउं | २०६७ | राम्रो | सुदृढिकरण प्रणाली थप गर्ने |
| ६ | टोड्के खा.पा.यो | लुखुरे पुछार | ग्राभिटी | ३ | १० | टोड्के | ०५८ | राम्रो | पानी सुरक्षा योजना |
| ७ | चिदियार खा.पा.यो | चिदियार र आउंसरा | ग्राभिटी | ३ | ३७ | तल्लो स्वामी डाडा, आउंसरा, मौवाडाडा, सपाउंदे र गोरादी | ०५८ | केही विग्रेको र अव्यवस्थित वितरण प्रणाली | पाईपलाईन मर्मत वितरण प्रणालीमा सुधार र गोरादी प्रा.वि.मा धारा विस्तार |
| ८ | ठूला पंधेरा खा.पा.यो | ठूला पंधेरा मूल | ग्राभिटी | १ र ९ | ३१ | कल्लन डाडा, पुर्ण गाउं, भाडावारी, जौखेत, उपल्लो गोरादी | ०५८ | नराम्रो | पुनर्निर्माण गरी नीजी धारा प्रणालीमा जानु पर्ने |
